# मलङ्गवा नगरपालिका

# पत्रकार भेटघाट कार्यक्रम

## २०७९ पुस २६ गते मङ्गलबार

**मलंगवा नगरपालिकाद्वारा आयोजित नियमित पत्रकार भेटघाट कार्यक्रम**
**२०७९ पुस २६ गते वितरित प्रेस नोट**

प्रिय सञ्चारकर्मी मित्रहरू

मलंगवा नगरपालिका परिसरमा औपचारिक रूपमा यहाँहरूलाई हार्दिक स्वागत छ । मलंगवा नगरपलिका आफ्ना समग्र गतिविधि र निर्णय प्रक्रियामा सकेसम्म पारदर्शिता र सहभागिताको सुनिश्चित गर्न सदैव प्रतिवद्ध रहेको छ । संवैधानिक अधिकार तथा संघीय शासन व्यवस्थाको मर्म बमोजिम जनतालाई घरदैलोमा नै सेवा पुर्याइ सुशासन प्रवर्धन गर्नु नगपालिकाको पहिलो कर्तव्य हो । तसर्थ आम नगरवासीको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका हर क्षेत्रमा आम जनताको सहभागिता बढाउँदै विकासका प्रतिफलहरुको न्यायोचित वितरण गर्ने दिसामा नगरपालिकाको वर्तमान नेतृत्व सधैँ प्रतिवद्ध रहेको छ । नगरपालिकाबाट

भए गरेका कार्य तथा गतिविधिहरूमा आम सञ्चारजगत मार्फत् सकारात्मक, रचनात्समक र स्वस्थ खवरदारीको अपेक्षा गर्दै देहायका विषयहरू आम जनता समक्ष प्रवाह हुने अपेक्षा सहित प्रस्तुत गरिएको छ :

१. नगरकार्यपालिकाका निर्णयहरू तत्कालै वेवाइटमार्फत सार्वजनिक गर्ने प्रारम्भ गरिएको छ ।

२. अहिले नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने कार्य भैरहेको छ । यसबाट नगरपालिका र वडामा गरिने कामको विवरण र त्यसका आधारमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरी नगररपालिकाबाट हुने सेवा प्रवाहलाई मितव्ययी, चुस्त र प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास लिइएको छ ।

३. यस वर्षको शीतलहरका समयमा जनजीवन सहज बनाउन नगरपालिकाको आन्तरिक स्रोतबाट १२ चट्टा दाउरा खरिद गरी चोक चोकमा आगो बाल्न वितरण गरिएको छ ।

४. नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ जनकपुरबाट पुस ५ गतेभित्र नवनिर्मित बसपार्क हस्तान्तरण स्वीकार गरी बसपार्क सञ्चालनमा ल्याउने कार्यक्रम तय भएको छ।

५. मलंगवा बजार क्षेत्रमा रहेको जनसागर पोखरीमा पहिलो चरणमा पूर्वाधार विकास गरी बोटिङ्को परीक्षण प्रारम्भ गर्ने तयारी भैरहेको छ ।

६. मलंगवा नगरपालिकाको मौलिक पहिचान र सकारात्मक सन्देश प्रवाह गर्ने नगर गान निर्माण गरी सार्वजनिक गरिएको छ । यो सन्देशमूलक गीत प्रकाशन, प्रसारण र प्रयोग गर्ने कार्यमा सञ्चार जगत तथा नगरवासीबाट सहयोगको अपेक्षा गर्दछौँ ।

७. नगरपालिकाबाट सञ्चालन हुने २,५०,००० भन्दा बढी लागतका आयोजनाहरूका बारेमा आयोजना स्थलमा *निर्माण कार्यस्थल सूचना पाटी* अनिवार्य रूपमा राख्नुपर्ने व्यवस्था गरिएको छ ।

८. पूर्वपश्चिम राजमार्गको नवलपुर खण्ड, मुसैली सिमा र झिम नदी नजिकबाट मलंगवा नगरपालिका प्रवेश विन्दुहरूमा स्वागतद्वारहरू निर्माण गर्न तत्कालै डिजाइन तयार गर्ने र क्रमश: स्रोत खोजी गरी निर्माण गर्ने निर्णय गरिएको छ ।

९. भू उपयोग ऐन २०७६ को दफा १८ अनुसार स्थानीय तह भूउपयोग परिषद गठन गरिएको छ र जग्गा बर्गीकरण सम्पन्न गर्न सेवा परामर्श खरिद गर्ने कार्य प्रारम्भ गरिएको छ ।

१०. नगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि २०७९ पारित गरी २०७९ पुस ५ गतेबाट लागु गरिएको छ । यस कार्यविधिले नगर क्षेत्रका विद्यालयमा शैक्षिक गुणस्तर

अभिवृद्धि गर्न र शैक्षिक सुशासन कायम गर्न मार्ग प्रशस्त गरेको छ । यसअनुसार नगर प्रमुखज्यूको अध्यक्षतामा १३ सदस्यीय शिक्षा समिति गठन भई सकेको छ ।

११. वि सं २०४३ साल फागुन १८ गते स्थापना भएको यस नगरपालिकाको ३६ औं स्थापना दिवस भव्यताका साथ मनाउन निर्णय भएको छ । यसको व्यवस्थापन गर्न नगर कार्यपालिकालाई मूल समारोह निर्देशक समिति कायम गर्ने । प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सबै शाखा प्रमुख र वडा सचिवहरू रहेको कार्यान्वयन समिति गठन गरी आन्तरिक तयारी भैरहेको छ । यसको विस्तृत जानकारी पछि सार्वजनिक गरिने छ ।

१२. वडा नं ६ मा एकै पटक ३ सन्तान जन्म दिएका श्री जितेन्द्र राय तथा श्रीमती गीतादेवी रायको परिवारलाई एक लाखसम्म लागत रहने गरी भैसी खरिद गरी वितरण गर्ने निर्णय गरिएको छ । साथै आगामी दिनमा नगरपालिकाबाट नगद, जिन्सी वा अन्य सहयोग वितरण गर्ने कार्यलाई व्यवस्थित गर्न अलग्गै कार्यविधि निर्माण गरी लागु गर्ने तयारी भएको छ ।

१३. मलंगवा नगरपालिका र रेडियो नेपाल बर्दिबासका बीच सम्झौता भई मासिक रूपमा *हाम्रो मलंगवा प्यारो मलंगवा* कार्यक्रम  प्रसारण गर्नै व्यवस्था मिलाइएको छ । यस कार्यक्रममा नगरपालिकाका गतिविधिहरूसहित सूचना, सन्देश, विकास निर्माण तथा सामाजिक क्षेत्रका अन्य प्रवर्धनात्मक विषयहरू समेटेर प्रसारण गरिने छ । यसलाई स्थानीय एफ एम मार्फत् पनि प्रसारण गर्ने व्यवस्था मिलाउने योजना रहेकोले सहयोगको अपेक्षा गरिएको छ ।

१४. मलंगवा नवलपुर जिल्ला राजमार्ग/सहायक राजमार्गको सडक खण्डमा पहिलेदेखि १५ मिटर चौडाइ कायम गरी निर्माण भएअनुसार  बीच बजारको मुख्य सडक श्रीमती कृष्णादेवी माविदेखि नगरपालिका चोक हुँदै राजश्री सिनेमासम्मको चौडाइलाई रेखाङ्कन गरी सोहीअनुसार निर्माण कार्य अघि बढाउन नगरकार्यपालिकाको मिति २०७९ पुस ५ गतेको निर्णय अनुसार सढक क्षेत्र खाली गर्न १५ दिने सार्वजनिक सूचना जारी गरी गत २२ गते सो समय व्यतीत भैसकेको छ । पुन: थप गरिएको समय पनि २५ गते सकिएकाले आजैबाट सडक चौडा गर्ने कार्य प्रारम्भ हुदैछ । यस कार्यमा आम सञ्चारजगत,  नागरिक समाज, बुद्धिजिवी, व्यवसायी र सडक क्षेत्रमा घरटहरा भएका स्थानीय बासिन्दाबाट आआफ्नो क्षेत्रमा सहयोग रहने अपेक्षा गरिएको छ ।

अन्तमा राज्यको चौथज अङ्ग समेत मानिने जिम्मेवार सञ्चार क्षेत्रसँग आगामी दिनमा नियमित सम्पर्क र समन्वयबाट रचनात्मक सुझाव ग्रहण गर्दै सहकार्य गर्न नगरपालिका उत्साहित रहेको छ ।

धन्यवाद ।

ɣ